# कृषि उपज संकलन केन्द्र ब्यवस्थापन तथा संचालन कार्यबिधि, २०८०

## शितगंगा नगरपालिका

### नगरकार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी. प्रदेश, नेपाल

# कृषि उपज संकलन केन्द्र ब्यवस्थापन तथा संचालन कार्यबिधि, २०८०

## प्रस्तावना

शितगंगा नगरपालिका क्षेत्रभित्रका किसानहरुले उत्पादित गरेको कृषि उपजहरुको बिक्रिको सुनिश्चितता नहुनुको साथै यदाकदा उत्पादन लागत भन्दापनि कम मुल्यमा कृषि उपज विक्रि गर्नु पर्ने अवस्था बारम्बार दोहोरिरहेको पाईएको छ । कृषकहरुलाई कृषि उत्पादनको बजारिकरण र उचित दरभाउ प्रति सुनुश्चिताता कायमगरि कृषि पेशालाई थप प्रोत्साहान गर्नका निम्ति नगरपालिका स्तरिय कृषि उपज संकलन केन्द्र ब्यवस्थापन तथा संचालन र न्युनतम समर्थन मूल्य निर्धारण गर्न बाञ्छनिय भएकोले शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि निर्माण गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिकाको २०८०/२/०४ गते बसेको कार्यपालिकाको बैठकले यो कार्यबिधि स्वीकृत गरेको छ ।

## परिच्छेद -१

### संक्षिप्त नाम र प्रारम्भ

१- संक्षिप्त नामः- कृषि उपज संकलन केन्द्र ब्यवस्थापन तथा संचालन कार्यबिधि, २०८० रहने छ ।

२- प्रारम्भ — यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्क्षेद -२

### परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “नगरपालिका" भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) “नगरप्रमुख" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ग) “नगर उप- प्रमुख" भन्नाले शितगंगा नगरपालिकाको उप- प्रमुख सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशसकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) “कृषि उपज संकलन केन्द्र" भन्ननले यस नगरपालिका क्षेत्र भित्र रहेका कृषि उपज संकलन केन्द्रलाई सम्झनु पर्दछ ।

च) “वडा" भन्ननले शितगंगा नगरपालिकका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

छ) “उत्पादक" भन्नाले कृषि/पशु जन्य बस्तु उत्पादन गर्ने कृषक/कृषि फर्म/कृषक समहु/ कृषि सहकारीलाई सम्झनु पर्दछ ।

ज) “कृषक" कृषक भन्नाले यस कार्यविधिको प्रयोजनका लागि आफ्नै स्वामित्वमा रहेको जग्गा वा करारमा लिई खेति/पशुपालन गर्ने कृषक/कृषि फर्म/कृषक समहु/ कृषि सहकारीलाई सम्झनु पर्दछ ।

झ) “अनुदान" भन्नाले नगरपालिकाको कृषि/पशु क्षेत्रको विकासका लागि नगरपालिकाबाट कुनै ब्यक्ति वा संस्थालाई प्रदान गरिने संथागत अनुदान, कार्यक्रम अनुदान र पुँजिगत अनुदानलाई समेत जनाउदछ ।

ञ) “न्युनतम समर्थन मुल्य" भन्नाले कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको यस नगरपालिकाले तोकिने मुल्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद - ३

## कार्यविधिको उद्देश्य

### १) कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

कृषकहरुले उत्पादन गरेका कृषि/पशु वस्तुहरुको बजारिकरणमा समस्या र कृषकहरुले उत्पादन गरेको बस्तुको उचित मुल्यको सुनिश्चितता नहुनुका साथै समय समयमा न्यूनतम लागत मुल्य पनि नपाउने हुदाँ घाटा व्यहोर्नुपर्ने अवश्थालाई न्यूनिकरण गर्नका निम्ति कृषि उपज संकलन केन्द्र मार्फत बजारको सुनिश्चितात गरि उत्पादन लागतको आधारमा न्यूनतम समर्थन मुल्य तोकि अनुदान कार्यक्रम संचालन गर्ने।

## परिच्छेद - ४

### २) कृषि उपज संकल केन्द्र संचालन तथा सम्झौता प्रकृया सम्बन्धमा

□) - यस कार्यक्रम सूरुवातको लागि नगरपालिका द्धारा प्रत्यक वडा एक वडा एक सहकारी वा संकलन केन्द्रको रुपमा संचालन गरिने छ । त्यसै गरि तोकिएको सहकारी वा संकलन केन्द्रको सक्रियता र कार्यको आधारमा नगरपालिका स्तरिय सहकारी/संकलन केन्द्रको रुपमा छनौट गरिने छ ।

□) कृषि उपज उत्पादन तथा बजारिकरणको आधारमा संकलन केन्द्र थप वा खारेज गर्ने अधिकार शितगंगा नगरपालिकालाई हुने छ ।

□) तोकियको वडा स्तरिय र पालिका स्तरिय कृषि सहकारीले निम्न बमोजिमको कार्यहरुलाई प्राथमिकता दिनु पर्ने छ ।

१) कृषि सहकारीले कृषक/कृषि समहुहरुलाई उत्पादन योजना बनाउन सहयोग गर्नु पर्ने छ ।

२)कृषि सहकारिले सरोकारवाला संघ संस्था, प्रदेश अन्तरगतका कार्यालयहरु सँग समन्वय गरि उत्पादनमा कृषक/कृषि समहुहरुलाई सहयोग गर्ने

३) कृषि सहकारीहरुले कृषि जन्य उत्पादनमा बृद्धि गर्नको लागि कृषक वा कृषक समुहलाई सहुलियत ब्याज दरमा ऋण लगानि गर्नु पर्ने छ ।

४) विक्रि वितरणको लागि सहकारीले बजार ब्यवस्थापन स्वयम गर्नु पर्ने छ ।

५) कृषि उपजको बजार ब्यवस्था गर्दा बढि मुल्य प्राप्त गर्न ध्यान गर्नु पर्दछ ।

६) कृषकहरुको उत्पादनको ग्रेडिङ, प्याकेजिङ्ग र सुरक्षित ढुवानीको गर्नु पर्ने छ ।

७) सहकारीले मुल्य निर्धारण समिति बनाई बजार मुल्यको आधारमा मुल्य निर्धारण गर्नु पर्ने छ ।

८) कृषकलाई कृषि/पशु उपजको संकलन पछि तत्काल भुक्तानीको ब्यवस्था मिलाउनु पर्ने छ ।

९) सहकारीले कृषकहरुले उत्पादन गरेको कृषि/पशु उपजको अनिवार्य खरिद तथा संकलन गरिदिनु पर्ने छ ।

१०) सहकारीहरुले अनुसूची १ बमोजिमको ढाचामा मासिक रुपमा प्रगति प्रतिबेदन यस नगरपालिकामा पेश गर्नु पर्ने छ ।

११) सहकारीले अनुसूचि १ बमोजिमको प्रगितको आधारमा कृषकहरुले न्युनतम समर्थन मुल्य भन्दा कम मुल्यमा बिक्रि गरेको देखिएमा न्युनतम समर्थन मुल्यमा नबढ्ने गरि कृषकहरुलाई यस नगरपालिकाले अनुदान उपलब्ध गराउने छ ।

१२) यदि सहकारी/ संकलन केन्द्र द्धारा राखिएको खरिद विक्रि र मुल्यको अभिलेखिकरण गलत वा झुठा ठहरियम सो सहकारी/ संकलन केन्द्रलाई नगरपालिका द्धारा कालो सूचिमा राखिने छ तथा नियमानुसार कार्वाही गर्ने अधिकार शितगंगा नगरपालिकालाई हुने छ ।

## परिच्छेद - ५

## कृषि अनुदान सम्बन्धि ब्यवस्था

### ३. कृषि अनुदान तथा आर्थिक सहायताः

१) शितगंगा नगरपालिका भित्र रहेका कृषकहरुलाई कृषि/पशु उत्पादनको बजारिकरण र उचित दरभाउ प्रति सुनिश्चितताता कायम गरि कृषि पेशालाई थप प्रोत्साहन गर्नका निम्ति पालिका स्तरिय न्युनतम समर्थन मुल्य निर्धारण गर्न आवस्यक देखिएको छ ।न्युनतम समर्थन मुल्य अनुसूची १ बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।
२) उपदफा १ बमोजिमको आर्थिक अनुदान प्राप्त गर्न कृषक र सहकारीको भुमिका दफा ४ र ५ बमोजिम हुने छ ।

## ४. कृषकको भुमिकाः

क) न्युनतम समर्थन मुल्य अनुदान कार्यक्रममा सहभागि हुन र अनुदान रकम प्राप्त गर्नका निम्ति कृषकले आफ्नो उत्पादनको विक्रि अभिलेखिकरण सम्बन्धित वडाको लागि नगरपालिका द्धारा तोकिएको संकलन केन्द्रमा दर्ता गराउनु पर्दछ ।
ख) कृषि उत्पादन र विक्रिको दैनिक लेखाजोखा कृषक स्वयमले राख्नु पर्दछ ।
ग) न्युनतम समर्थन मुल्य अनुदान कार्यक्रममा सहभागि भई अनुदान प्राप्त गर्न यस नगरपालिकाको सम्मन्धित शाखामा दर्ता भएको हुनु पर्ने छ ।

## ५. सहकारीको भुमिकाः

क) कृषकहरु द्धारा संकलित उत्पादन र विक्रिको अभिलेखिकरण ब्यवस्थित र पारदर्शी पुर्बक राख्नु पर्ने छ ।
ख) सहकारी वा संकलन केन्द्रले मासिक रुपमा अनुदान रकमको विवरण यस नगरपालिकामा बुझाउनु पर्ने छ ।
ग) दफा ५ को ख बमोजिम विवरणका आधारमा कृषकहरुले प्राप्त गर्ने अनुदान कृषकहरुको बैङ्क खातामा भुक्तानिका लागि सहकारिले पहल गर्नु पर्ने छ ।

# परिच्छेद - ६

## ६) न्युनताम समर्थन मुल्य निर्धारण सिफारिस समिति र कार्यान्वयन सम्बन्धी ब्यवस्थाः

१) नगरपालिका भित्र उत्पादित कृषि/पशु उपजहरुको न्युनतम समर्थन मुल्य निर्धारण गर्न तपसिल अनुसारको सिफारिस समिति रहने छ ।

- प्रमुख प्रशासकीय अधिकृत- संयोजक

- योजना शाखा प्रमुख - सदस्य
- आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य
- पशु शाखा प्रमुख- सदस्य
- कृषि शाखा प्रमुख - सदस्य सचिब
- विषय विशेषज्ञ २ जान आम्त्रित गर्न सकिने

२) समितिले निर्धारण गरेको न्युनतम समर्थन मुल्य भन्दा सहकारी/संकलन केन्द्रले खरिद गरिएको कृषि उपजको मुल्य कम भएमा मात्र न्युनतम समर्थन मुल्य उपलब्ध गराईने छ ।

# परिच्छेद - ७

# खर्चको स्रोत ब्यवस्थापन तथा संचालन

## ७) खर्चको स्रोत

१) यस कार्यबिधिमा तोकिय बमोजिमका कार्यक्रम संचालन तथा अनुदान प्रदान गर्न देहायका स्रोतबाट प्राप्त रकम प्रयोग गरिने छ ।

क) नगरपालिकाबाट प्राप्त रकम

ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम

# अनुसुची १

**सहकारी/संकलन केन्द्रको नामः**

**वडा न.**

| क्र.स. | कृषकको नाम | ठेगाना | कृषि उपज बस्तुको | | | | कृषि उपज बस्तुको | | | अनुदान रकम (ख-क) | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | परिमाण | दर | जम्मा रकम (क) | परिमाण | समर्थन मुल्य | जम्मा रकम (ख) | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**<u>प्रमाणित गर्ने</u>**

................. ..............

सहकारी/संकलन केन्द्रको अध्यक्ष वडा अध्यक्ष

# अनुसूची २

नगरपालिकाको निर्णय अनुसार न्युनतम समर्थन मुल्य निम्न बालिहरुमा तोकिएको छ । निम्न उल्लेखित प्रति के.जी. समर्थन मुल्य आवस्यकता अनुसार पुनः कार्यपालिकाको बैठक द्धारा परिवर्तन गर्न सकिने छ ।

| क.स. | बालि बस्तुको नाम | प्रति केजि समर्थन मुल्य रु. |
|---|---|---|
| १ | काउली | |
| २ | बन्दा | |
| ३ | गोलभेडा | |
| ४ | काक्रा | |
| ५ | करेला | |
| ६ | घिरौला | |
| ७ | मुला | |
| ८ | गाजर | |
| ९ | साग | |
| १० | लौका | |
| ११ | धनिया | |
| १२ | अदुवा | |
| १३ | बेसार | |
| १४ | भान्टा | |
| १५ | भिन्डी | |
| १६ | बोडी | |
| १७ | सिमि | |
| १८ | लसुन | |
| १९ | प्याज | |
| २० | अकबरे खुर्सानी | |
| २१ | खुर्सानी | |
| २२ | भेडे खुर्सानी | |
| २३ | फर्सी | |
| २४ | आलु | |
| २५ | स्कुस | |

| | | |
|---|---|---|
| २६ | झुसे करेला | |
| २७ | हरियो केराउ | |
| २८ | कागति | |
| २९ | केरा | |
| ३० | गहत | |
| ३१ | भटमास | |
| ३२ | कोदो | |
| ३३ | फापर | |
| ३४ | मास | |
| ३५ | मसुरो | |
| ३६ | अरहर | |
| ३७ | चना | |
| ३८ | धान | |
| ३९ | मकै | |
| ४० | गहुँ | |
| ४१ | जौं | |
| ४२ | दुध | |
| ४३ | खसी/बोका (जिउदो तौल) | |
| ४४ | लोकल कुखुरा | |
| ४५ | कन्ये च्याउ | |
| ४६ | सिताके च्याउ | |
| ४७ | मह | |
| ४८ | माछा | |

न्युनतम समर्थन मुल्य तपसिलमा उल्लेखित सहकारी/संकलन केन्द्रमा रहेको अभिलेख र दर भाउ रेकर्ड गरिएको विवरण सहकारी/संकलन केन्द्र अध्यक्षले नगरपालिकामा पेश गरे पश्चात भुक्तानी दिईने छ ।

**प्रमाणिकरण मिति : २०८०/२/०४**

**आज्ञाले**
**झबिन्द्र खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**